# *चुरे गाउँपालिकाको विनियोजन ऐन, २०८१*

*सभाबाट स्वीकृत मितिः २०८१-०३-२७*

**प्रस्तावनाः** चुरे गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय (उपयुक्त) भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम चुरे गाउँसभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्त नाम प्रारम्भः** (१) यस ऐनको नाम "चुरे गाउँपालिकाको विनियोजन ऐन, २०८१" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०८१/०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** आर्थिक वर्ष २०८१/०८२ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुचीबाट माथि उल्लेखित चालु खर्च, पूजिगत खर्च र वित्तिय व्यवस्थापनको रकम समेत गरि जम्मा रकम रु ४८ करोड ७६ लाख ४२ हजारमा नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजनः** (१) यस ऐन द्वारा संञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त चुरे गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेका मध्य कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षक बाट अपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १०% प्रतिशतमा नबढने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को शिर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पुजीगत खर्च र वित्तीय व्यवस्थापन तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकमा जम्मा स्विकृत रकमको २५% भन्दा बढने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्विकृती लिनु पर्नेछ।

धन्यवाद।